**अनुसूची ९**
**(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)**
**कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित**
**एकल शेयरधनी भएको प्रा.लि.**

# नेपाली चेली मेडिया एण्ड रिसर्च सेन्टर प्रा.लि.
# Nepali Cheli Media And Research Center Pvt. Ltd.
**को**

## प्रबन्ध पत्र

१. **कम्पनीको नाम :** यस कम्पनीको नाम **नेपाली चेली मेडिया एण्ड रिसर्च सेन्टर प्रा.लि.** हुनेछ। यसलाई अग्रेजीमा **Nepali Cheli Media And Research Center Pvt. Ltd.** लेखिनेछ।

२. **कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगाना :** यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय **नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं ०३, परासी** मा रहनेछ।

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस प्रबन्धपत्रमा।
   क) ऐन भन्नाले कम्पनी ऐन २०६३ सम्झनु पर्छ।
   ख) कार्यालय भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ।
   ग) कम्पनी भन्नाले **नेपाली चेली मेडिया एण्ड रिसर्च सेन्टर प्रा.लि.** सम्झनु पर्छ।

४. **कम्पनीले गर्ने व्यवसाय वा कारोबारको प्रकृति :- सेवामुलक, उत्पादनमूलक र नाफामुलक हुनेछ।**

५. **कम्पनीको उद्देश्य :**

(१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछः-

क) एक वा बहुभाषामा सम्पूर्ण किसिमका पत्रिका, म्यागजिन, अनलाइन समाचार पोर्टल, एफ.एम., रेडियो, टेलिभिजन लगायत यू-ट्युब च्यानल, टिकटक, फेसबुक पेज, ईन्स्टाग्राम लगायतका सामाजिक सञ्जाल संचालन गर्ने तथा मिडियासँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने गराउने।

ख) मानव उपयोगी वस्तुको बजार प्रवर्द्धन, व्यवस्थापन, विस्तारको लागि विज्ञापन एजेन्सीको रुपमा काम गर्ने, विभिन्न निजी, सरकारी तथा गैरसरकारी निकाय वा प्रतिष्ठानलाई आवश्यक विज्ञापनको उत्पादन र निर्माण गर्ने तथा विभिन्न किसिमका इलेक्ट्रोनिक एवं प्रिन्ट मिडिया मार्फत विक्री वितरण एवं प्रसारित गर्ने गराउने।

ग) विभिन्न भाषा एवं ब्यक्ति वा विषयवस्तुमा वृतचित्र, विज्ञापन, अडियो, भिडियो, टेलीफिल्महरु उत्पादन गर्ने, प्रदर्शन गर्ने र विक्री वितरण गर्ने गराउने।

घ) विभिन्न भाषा एवं विषयवस्तुमा स्वदेशी तथा विदेशी कथानक चलचित्रहरु निर्माण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रदर्शन तथा विक्री वितरण गर्ने गराउने र चलचित्र निर्माणमा आवश्यक पर्ने लुगा-कपडा, क्यामेरा, लगायत सम्पूर्ण सामग्री भौतिक तथ कलाकार उपलब्ध गराउने।

ङ) संसार भरीका विभिन्न भाषा एवं विषयवस्तुका स्वदेशी तथा विदेशी कथानक चलचित्रहरुलाई भाषा अनुवाद गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रदर्शन तथा विक्री वितरण गर्ने गराउने।

च) पत्रकारिता, उदघोषण, अभिनय, गायन, नृत्य, संगीत, मोडलिङ्ग, छयांकन, सम्पादन, द्वन्द, भोकल आदी कला सम्बन्धी प्रशिक्षण तथा तालिम केन्द्र संचालन गर्ने गराउने एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको गोष्ठी, सेमिनार आयोजना गर्ने गराउनु साथै सम्पूर्ण विद्याका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतियोगिताको आयोजना गर्ने गराउने।

छ) भि.सि.डि., सि.डी., डि.भि.डी. र अडियो क्यासेट गीत, श्रब्य दृश्य नाटक, कथा लगायत विभिन्न कृतिहरु निर्माण गरी विक्री वितरण एवं प्रसारण गर्ने र उल्लेखित कार्य गर्न स्टुडियो खोली रेकर्डीङ्ग एवं डविङ्ग गर्ने गराउने ।

ज) चलचित्र सम्बधी सम्पूर्ण सामग्री स्वदेश एवं विदेशबाट खरिद गरी चलचित्र निर्माण गर्न भाडामा लिने दिने ।चलचित्र लगायत विभिन्न खालका सिने म्याजिक पोष्टर, पर्चा, पम्पलेट, स्टिकरहरु तयार गर्ने र विक्री वितरण गर्ने गराउने ।

झ) विभिन्न भाषा एवं विषयवस्तुमा स्वदेशी तथा विदेशी कथानक वा चेतनामूलक वा ब्यवसायमूलक सडक नाटक, रेडियो नाटक, श्रब्य दृश्य नाटक, आदि निर्माण गरी प्रदर्शन, प्रशारण तथा विक्री वितरण गर्ने गराउने र देशका विभिन्न ठाउँमा मिडिया हाउस, नाटक घर तथा सिनेमा घर स्थापना गर्ने गराउने ।

ञ) देशका सम्पूर्ण भाषाका समाज, साहित्य, कला, संस्कृति, दर्शन, शिक्षा, लिपी, पुरातात्विक, ऐतिहासिक, पर्यटकीय एवं धार्मिक महत्वका ठाउँको अध्ययन-अनुसंधान संरक्षण, संवर्धन एवं जर्गेना गर्ने गराउने ।

ट) कुनै पनि किसिमका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरु ब्यस्थान गर्ने गराउने । पत्रकारिता, कला, साहित्य तथा मनोरञ्जनसँग सम्बधित व्यक्तिहरु सँग समन्वय एवं संगठित गर्ने र वहाँहरुको व्यवसायिक प्रवर्द्धन गर्न अक्षय कोष स्थापना गरी आवश्यक सहयोग, सम्मान तथा पुरस्कृत गर्ने ।

(ठ) विभिन्न जात, धर्म, भाषा, कला, साहित्य, संस्कृति आदि सम्बन्धी पुरातात्विक एवं महत्वपूर्ण बस्तुहरुलाई संकलन गरी संग्रहालय निमार्ण गर्ने गराउने, विभिन्न जाति तथा समुदायका लोकसाहित्य, सँस्कृति एवं लोकोउक्ति लाई संरक्षण र संवर्द्धन गर्ने र पर्यटकीय महत्वका ब्यक्ति, बस्तु वा ठाउँलाई संरक्षण संवर्द्धन गर्ने गराउने ।

(ड) कला, साहित्य, लिपी, संस्कृति, अर्थ, कृषि, विज्ञान, स्वास्थ्य, एवं समग्र सामाजलाई संरक्षण, संवर्धन एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न विभिन्न चलचित्र, साहित्यीक, साँस्कृतिक, नाटक, कृषि तथा अन्य महोत्सवहरुको आयोजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गर्ने गराउने ।

(ढ) देशका सम्पूर्ण भाषा, कला, साहित्य, संस्कृति, दर्शन, अर्थ, विज्ञान, स्वास्थ्य एवं समग्र सामाज सम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय गरी गोष्ठी एवं सम्मेलन गर्ने, बिभिन्न खोज तथा अनुसन्धान गरी प्रतिवेदन तथा पत्र पत्रिका प्रकाशित गर्ने ।

(ण) यस संस्थाका उपरोक्त उद्देश्यलाई कार्यान्वयमा टेवा पुऱ्याउने खालका जुनसुकै विषयमा अध्ययन-अनुसन्धान गरी अध्ययन-अनुसन्धानबाट निस्किएको विषयमा गोष्ठी, सेमिनार छलफल गरी सोबाट निस्केको निष्कर्षलाई नेपाल सरकारसँग सम्वन्यन गरी रोकथाम, नियन्त्रण, संरक्षण गर्न सरकारबाट स्वीकृति लिई आवश्यक पहल गर्ने, गराउने ।

२) कम्पनीको उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायसँग अनुमति वा इजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको १५ दिनभित्र त्यस्तो अनुमति वा इजाजत पत्रका प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

६. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :** यस कम्पनी दफा ५ बमोजिम उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ ।

क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी तथा प्राविधिक कर्मचारी तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ।

ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने ।

घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने ।

ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरीद गर्ने तथा त्यसलाई विक्री गर्ने ।

च) **अन्य आवश्यक कुराहरु :-**

१) कम्पनीले आवश्यक घर, गोदाम, तथा अन्य चल अचल सम्पत्ति आदि लीज वा भोग बन्धकीमा लिने, निर्माण गर्ने, मर्मत–संभार गर्न सक्नेछ ।

२) कम्पनीलाई आकस्मीक क्षतिबाट बचाउन कम्पनीको मेसिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको आवश्यकतानुसार विमा गराउने ।

३) कम्पनीको नाममा नेपाल राज्यको कुनै पनि वित्तीय सँस्था तथा बैङ्कहरुमा कम्पनीको नाममा खाता खोली रकम जम्मा गर्ने, झिक्ने, दरपिठ गर्ने भूक्तानि लिने, दिने, एल.सि.खोल्ने, मन्जुर गर्ने यस्तै प्रकारका अन्य आवश्यक कामहरु गर्ने ।

४) कम्पनीको लागी प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलियत प्राप्त गर्न नेपाल सरकारको कार्यालयहरु सँग अनुरोध गर्ने, कम्पनीको व्यापारीक हित संरक्षणको लागि डिजाइन र ट्रेडमार्क दर्ता गराउने, यसको हक र सुविधा उपलब्ध गर्ने र उपयोग गर्ने ।

५) कम्पनीको तर्फबाट वा कम्पनी विरुद्ध परेका मुद्दा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकारको संरक्षण गर्ने, सहुलियत सुविधालाई सुरक्षित राख्ने ।

६) कम्पनीको आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्न विभिन्न संचारका माध्यमहरुबाट विज्ञापन सूचना आदि प्रचार प्रसार गर्ने, गराउने ।

७) कम्पनीले आफ्नो नाममा जग्गाहरु खरिद गर्ने एवं धितो बन्धक राख्ने ।

८) प्रचलित कानूनको अधिनमा रही कम्पनीको उद्देश्य पूर्तिको लागि आवश्यक संम्झौताहरु गर्ने ।

७. **कम्पनीको पूँजीको संरचना :-** कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीको अधिकृत पूँजी रु ५,००,०००/- (पाँच लाख रुपैयाँ) हुनेछ । सो पूँजीलाई रु १००/- दरका ५,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु ५,००,०००/- (पाँच लाख रुपैयाँ) हुनेछ

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु ५,००,०००/- (पाँच लाख रुपैयाँ) हुनेछ ।

८. **शेयर वापतको रकमको भुक्तानी :** १) शेयर वापतको रकम कम्पनीले आशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(२) शेयर वापत कम्पनीले माग गरेको रकम निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

९. **दायित्व सीमित हुने :** यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अकित मूल्य सम्म मात्र सीमित रहनेछ । तर शेयरधनीले सो हैसियतमा तेस्रो पक्षसँग गरेको ब्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

१०. **अन्य आवश्यक कुराहरु :**

(१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै ब्यहोर्नु पर्ने छ ।

(२) संस्थापकले नगद बाहेक अरु कुनै किसिमबाट शेयर खरिद गर्ने वा शेयरमा हक पाउने छ ।

(३) कम्पनीले कारोबार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै ब्यक्तिबाट कुनै सम्पति प्राप्त गर्ने छ ।

(४) संस्थापक वा अन्य कुनै ब्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छ ।

(५) कम्पनीको शेयर बिक्रि वा हंस्तान्तरणमा कुनै बन्देज छैन ।

११. **कम्पनीको प्रकृति अनुसार कुनै थप ब्यवस्था गर्नुपर्ने भए सो कुरा खुलाउने :-** छैन ।

१२. **छुटै नियमावली पेश गर्ने वा नगर्ने सो कुरा खुलाउने :-** गर्नेछ ।

१३. **प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था :** यस प्रबन्धपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा शेयरधनीले निर्णय गरी सो निणर्य कार्यालयमा अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिनेछ ।

१४. **प्रबन्धपत्र वाभिएको हदसम्म अमान्य हुने :** यस प्रबन्धपत्रमा लेखिएका कुराहरु ऐन वा अन्य प्रचलित कानुनसंग वाभिएमा हदसम्म स्वतः वदर हुनेछ ।

१५. **संस्थापकले तत्काल लिन कवुल गरेको शेयर संख्या र उद्घोषण :** म **नेपाली चेली मेडिया एण्ड रिसर्च सेन्टर प्रा.लि.**को संस्थापकले यो कम्पनी संस्थापना गरी प्रचलित कानुन वमोजिम संचालन गर्न मञ्जुर गरेको छु । यो प्रबन्धपत्रमा उल्लेखित मेरो नाम, ठेगाना, हस्ताक्षर मैले लिन कवुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न म तयार छु । यो प्रबन्धपत्रमा लेखिएको कुरा साँचो हो, झुट्टा ठहरे कानुन वमोजिम सहन बुझाउन मञ्जुर छु भनी सहीछाप गरेको छु ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप : | वावु/ पतिको नाम | नागरिकता प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला | लिनु कवुल गरेको शेयर संख्या : | साक्षीको नाम, थर, ठेगाना र सहछाप : | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला : |
|---|---|---|---|---|---|
| **द.**<br>**१) नाम : स्मारीका गौतम**<br>**ठेगाना : नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं ०३,**<br><br>**दा. वा.** | **मेघराज गौतम** | ना.प्र.नं.<br>**३६-०१-७४-०९२०१**<br>**नवलपरासी** | ५००० थान | द :<br>१) नाम :<br>ठेगाना :<br><br>दा. वा. | ना.प्र.नं. |

**मस्यौदाकार:**

नाम :<br>
प्र.प.नं.<br>
हस्ताक्षर :<br>
इति सम्वत २०७९ साल मंसिर महिना २६ गते रोज २ शुभम्............................

**अनुसूची ३**
**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)**
**कम्पनी ऐन २०६३ अन्तर्गत संस्थापित**
**एकल शेयर धनी भएको प्रा.लि.**

# नेपाली चेली मेडिया एण्ड रिसर्च सेन्टर प्रा.लि.
# Nepali Cheli Media And Research Center Pvt. Ltd.
## को
## नियमावली

### परिच्छेद १
### प्रारम्भिक

१. **कम्पनीको नाम :** यस कम्पनीको नाम **नेपाली चेली मेडिया एण्ड रिसर्च सेन्टर प्रा.लि.** हुनेछ। यसलाई अग्रेजीमा **Nepali Cheli Media And Research Center Pvt. Ltd.** लेखिनेछ।

२. **कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगाना :** यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय **नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं ०३, परासी** मा रहनेछ।

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस प्रबन्धपत्रमा।
 क) ऐन भन्नाले कम्पनी ऐन २०६३ सम्झनु पर्छ।
 ख) कार्यालय भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ।
 ग) कम्पनी भन्नाले **नेपाली चेली मेडिया एण्ड रिसर्च सेन्टर प्रा.लि.** सम्झनु पर्छ।

४. **कम्पनीको उद्देश्य :** कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ५ मा उल्लेख भए बमोजिम हुनेछ।

### परिच्छेद २
### शेयरपूँजी तथा ऋण

५. **शेयरको अकित मूल्य :** यस कम्पनीको शेयरको अंकित मूल्य रु १००।- हुनेछ।

६. **शेयरको बिकि वा धितोबन्धक सम्बन्धी व्यवस्था :** (१) कम्पनीको शेयर चल सम्पत्ति सरह विकी गर्न वा धितोबन्धक राख्न सकिनेछ।
 (२) कम्पनीको शेयरधनीले आफ्नो सम्पूर्ण शेयर अर्को ब्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने ब्यक्तिले त्यस्तो शेयर दाखिला खारेज गर्नको निमित्त ऐन बमोजिम कम्पनी रजिष्ट्रर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ।
 (३) उपनियम (२) बमोजिम निवेदन परेमा कम्पनी रजिष्ट्रर्ड कार्यालयले आवश्यक प्रकिया पूरा गरी दर्ता कितावमा शेयर खरिद गर्ने व्याक्तिको नाम दर्ता गरीदिनेछ।
 (४) उपनियम (२) बमोजिम शेयर खरिद बिक्री भएकोमा त्यसरी खरीद बिक्री भएको पन्ध्र दिनभित्र कार्यालयलाई जानकारी गराउन पर्नेछ।

७. **शेयर प्रमाण पत्र :** १) कम्पनीले शेयरधनीलाई निजले लिएको शेयरवापत कम्पनी सचिब वा शेयरधनीले अधिकार प्रदान गरेको ब्यक्तिको सही र कम्पनीले आफ्नो कारोबारमा छाप प्रयोग गर्ने भए कम्पनीको छाप लागेको शेयर प्रमाण पत्र दिइनेछ ।

८. **शेयर पूँजी हेरफेर गर्ने कुरा :** शेयर धनीको निर्णयबाट ऐन बमोजिम शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।

९. **ऋण उठाउने कुरा :** प्रचलित कानूनको अधीनमा रही कम्पनीले आफ्नो ब्यवासाय वा कारोबार सञ्चालन गर्नको लागि ऋण उठाउन सक्नेछ ।

## परिच्छेद ३
## साधारण सभा तथा सञ्चालक समिति

१०. **साधारण सभा :** यस कम्पनीको साधारण सभा हुने छैन र साधारण सभाले गर्ने सवै काम शेयरधनी को लिखित निर्णयद्धारा हुनेछ ।

११. **सञ्चालक समिति :** यस कम्पनीमा सञ्चालक समिति रहने छैन र शेयरधनी आफैले सञ्चालक समितिले गर्नुपर्ने काम गर्नेछ ।

## परिच्छेद ४
## हिसाबकिताब लेखा तथा लेखापरीक्षण

१२. **कम्पनीको हिसाबकिताब लेखा तथा लेखापरीक्षण :** १) यस कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको मापदण्ड अनुरुप तयार गरिने छ ।

(२) कम्पनीले राख्नु पर्ने हिसाब किताब प्रतिदिनको कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(३) ऐन बमोजिम तोकिएको रकम भन्दा बढी रकमको बार्षिक कारोबार भएको आर्थिक वर्षमा यस कम्पनीले आफ्नो हिसाबकिताब लेखापरीक्षण गराउनेछ ।

(४) उपनियम (३) बमोजिम हिसाबकिताब लेखापरीक्षण गराउनु पर्ने भएमा कम्पनीले ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र कम्पनीले निजको नाम कार्यालयमा पठाउनेछ ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले लेखापरीक्षण गरेको हिसाबकिताब र लेखाबाट कम्पनी बासलात, नाफानोक्सानीको हिसाब एंव नगद प्रबाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनी दिनेछ ।

## परिच्छेद ५
## विविध

१३. **कम्पनी सचिब :** कम्पनी सचिबको नियुक्ति हुने कम्पनी भए सो सम्बन्धी ब्यवस्था, निजको पदावधी सेवा शर्त एंव निजको काम कर्तव्य र अधिकार :- छैन ।

१४. **कम्पनी छाप :** कम्पनीको आफ्नै छाप हुनेछ र अध्यक्षको जिम्मामा रहनेछ ।

१५. **कम्पनी गाभिने व्यवस्था :** १) यो कम्पनीमा कुनै अर्को कम्पनी गाभ्न सक्नेछ ।

(२) यो कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्नु परेमा कार्यालयको स्वीकृती लिई गाभ्न सकिनेछ ।

१६. **कम्पनीको खारेजी :** १) यो कम्पनी स्वेक्षाले खारेज हुन चाहेमा कम्पनी खारेजी गर्ने सम्बन्धमा शेयरधनीले निर्णय गरी सोको सात दिनभित्र ऐन अनुसार पेश गनूपर्ने लिखतहरु कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम खारेजी निर्णय गर्दा खारेजी कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरिक्षक नियुक्ती गर्नुपर्नेछ । त्यसरी नियुक्त भएको लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक शेयरधनीले तोकेबमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनी खारेजी सम्बन्धी काम कारवाही गर्नेछ ।

१७. **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा :** छैन ।

१८. **अन्य आवश्यक कुराहरु :** (१) कम्पनीको आर्थिक बर्ष श्रावण १ गते देखि आषाढ मसान्तसम्म हुनेछ ।

(२) यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरवालाको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(३) कम्पनी सस्थापना भैसकेपछि यसलाई भिन्नै कानूनी व्यक्तित्व, अविछिन्न उत्तराधिकार-वाला स्वाधिन अस्तित्व भएको मानिनेछ ।

(४) स्वीकृति लिनु पर्नेमा लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न तथा शाखा कार्यालय खोल्न वा बन्द गर्न सक्नेछ ।

१९. **नियममावली संशोधन भएमा लागु हुने अवस्था :** यस नियमावलीमा कुनै संशोधन गर्नू पर्ने भएमा शेयरधनीले निर्णय गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

२०. **नियमावली बुझिएको हदसम्म निष्कृय हुने :** यस नियमावलीमा लेखिएका कुराहरु ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाझिएको हदसम्म स्वतः बदर हुनेछन् ।

२१. **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण :** म **नेपाली चेली मेडिया एण्ड रिसर्च सेन्टर प्रा.लि.** को संस्थापकले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चलान गर्न मञ्जुर गरेको छु । यो नियमावलीमा उल्लेखित नाम, ठेगाना, हस्ताक्षर, मैले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी ब्यहोरा ठीक छ । कुनै कारणले झुट्टा ठहरिन गएमा दर्ता पश्चात् सिर्जना हुने दायित्व ब्यहोर्न म तयार छु । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छु भनी सहीछाप गरेको छु ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप : | वावु/ पतिको नाम | नागरिकता प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला | लिनु कवुल गरेको शेयर संख्या : | साक्षीको नाम, थर, ठेगाना र सहछाप : | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला : |
|---|---|---|---|---|---|
| द.<br>१) नाम : स्मारीका गौतम<br>ठेगाना : नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं ०३,<br><br>दा. वा. | मेघराज गौतम | ना.प्र.नं.<br>३६-०१-७४-०९२०१<br>नवलपरासी | ५००० थान | द :<br>१) नाम :<br>ठेगाना :<br><br>दा. वा. | ना.प्र.नं. |

**मस्यौदाकारः**

नाम :<br>
प्र.प.नं.<br>
हस्ताक्षर :<br>
इति सम्वत २०७९ साल मंसिर महिना २६ गते रोज २ शुभम्...............................

मिति : २०७९/०८/२६

श्रीमान् रजिस्ट्रारज्यू,
कम्पनि रजिस्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं ।

विषय : कम्पनि संस्थापना गरी पाऊ ।

महोदय,
मलाई **नेपाली चेली मेडिया एण्ड रिसर्च सेन्टर (प्रा.)लि.** नामको कम्पनि संस्थापना गर्ने इच्छा भएको हुँदा कम्पनि ऐन २०६३ को दफा ४ को उप दफा (१) बमोजिम कम्पनि संस्थापना गर्न तपसील बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । उक्त कम्पनि मेरो नाममा दर्ता गरी पाऊ ।

तपसील

१. प्रबन्ध पत्र तथा नियमावली २/२ प्रति
२. संस्थापकको नागरिकता प्रमाणपत्रहरुका प्रतिलिपि १/१ प्रति

उपयुक्त ब्यहोरा ठीक साँचो हो झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाऊला ।

निवेदक

द.

**नाम : स्मारीका गौतम**
**ठेगाना : नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं ०३,**

दा. वा.

मिति : २०७९/०८/२६

श्रीमान् रजिस्ट्रारज्यू,
कम्पनि रजिस्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं ।

विषय : अख्तियारनामा दिइएको ।

महोदय,
निवेदन यो गर्दछु कि मेरो यस **नेपाली चेली मेडिया एण्ड रिसर्च सेन्टर (प्रा.) लि.** नामको कम्पनिको दर्ता कामका लागि म स्वयं कार्यालयमा उपस्थित हुनु पर्नेमा हाम्रो कार्य व्यस्तताका कारणले गर्दा उपस्थित हुननसकेको हुँदा कानुनले अख्तियार दिन मिल्ने देहाय बमोजिम दस्तखत नमुना भएका **आकाश महतो** लाई निजको परिचय पत्र संलग्न राखि अख्तियारनामा दिई पठाएको छु । त्यस कार्यालयबाट यस कम्पनिको नाममा हुने उल्लेखित कामकालागि कागजातहरु निज अख्तियारवालालाइ बुझाउनम्पनिको पूर्ण मञ्जुरी छ । निजले गरेको काममा पछि कुनै किसिमको दावी उजुर बाजुर गर्ने छैन ।

निवेदक

द.

**नाम : स्मारीका गौतम**
**ठेगाना : नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं ०३,**

दा. वा.

यस **नेपाली चेली मेडिया एण्ड रिसर्च सेन्टर (प्रा.)लि.** दर्ताका लागी पेश भएका कागजातहरुमा म अख्तियारवाला **आकाश महता** को सामुन्नेमा प्रस्तावित शेयरधनीले सहिछाप गरेको ठिक साँचो हो । फरक परे कानुन वमोजिम सहुँला वुझाउँला ।

......................................................

अख्तियारवालाको दस्तखतको नमूना